स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



दयाहाङ राई नेपालका एक मात्र यस्ता कलाकार हुन्, जसले आदिवासी जनजाति समुदायको कथामा बनेका मूलधारका प्राय: फिल्ममा काम गरेका छन्। उनले राई, गुरुङ, लिम्बू, थारु जस्ता समुदायको पात्र निभाइसकेका छन्। यसैले पनि उनको परिचय 'सांस्कृतिक नायक'को रूपमा बनेको छ। फरक-फरक समुदायको कथामा काम गर्न पाएकोमा उनी आफूलाई 'लक्की' ठान्छन्।

**आजको विचार...**



खडेरी...
(दुई पेजमा)

संग्राम बी शाह



अभिनेता भुवन केसीले ६ वर्ष अगाडि निर्माण गर्ने घोषणा भएको फिल्म हो 'पारस'। यो फिल्म अहिले निर्देशक कृषा चौलागाईंले बनाउने भएकी छन्। जसका लागि उनले हालै चलचित्र विकास बोर्डबाट निर्माण इजाजत समेत लिएकी छन्। सुरुमा यो नामबाट फिल्म निर्माता माधव वाग्लेले आफैंले निर्देशन गर्ने गरी घोषणा गरेका थिए। घोषणा भएको केही समयपछि फिल्मको सम्पूर्ण स्वामित्व अभिनेता भुवन केसीलाई दिएर निर्माता भएका थिए ।

❒ वर्ष ३१ ❒ अंक ४७ ❒ २०८२ भदौ १७ गते मंगलबार 2 September 2025, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# लुम्बिनी र गण्डकी प्रदेशका मुख्यमन्त्रीस्तरीय बैठक

## साझा विकासका लागि ९ बुँदे सहमति

रासस

**लुम्बिनी,** भदौ १६/लुम्बिनी र गण्डकी प्रदेशबीच सहयोग र सहकार्यका आधारमा विकास निर्माणसँग सम्बन्धित साझा कार्यक्रमलाई अझ प्रभावकारी र उपलब्धिमूलक बनाउने उद्देश्यका साथ नौं बुँदे निर्णय भएको छ ।

स्याङ्जाको गल्याङमा सोमबार सम्पन्न मुख्यमन्त्रीस्तरीय दोस्रो बैठकमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य र गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले साझा विकाससँग सम्बन्धित नौबुँदे निर्णयमा हस्ताक्षर गरेका हुन् । सीमा जोडिएका यी दुई प्रदेशबीच यसअघि २०८१ माघ ३० गते पाल्पाको रानीमहलमा सम्पन्न मुख्यमन्त्रीस्तरीय बैठकमा साझा हित र चासोका विषयमा सहकार्य गर्ने प्रतिबद्धतासहित २१ बुँदे निर्णय भएको थियो । सोमबारको




बैठकमा रानीमहलमा भएको पहिलो बैठकको निर्णय कार्यान्वयनको अवस्था, सुधार गर्नुपर्ने पक्षलगायत विविध विषयमा समीक्षा भएको मुख्यमन्त्री आचार्यले जानकारी दिए । यसैगरी, बजेट तथा नीतिगत प्राथमिकतामा रहेका विषयलाई कार्यान्वयनमा जोड दिने र नेपाल सरकारसँग नियमित समन्वय गर्न व्यवस्था मिलाइने र प्रतिबद्धता गरिएअनुसार तीन महिनाभित्र कार्ययोजना तयार गर्ने विषयमा पनि बैठकमा छलफल भएको थियो । निर्णय कार्यान्वयनका लागि दुबै प्रदेशका मुख्यमन्त्रीले सँधैं सरकारको ध्यानाकर्षण गराउदै आएको र अहिले केही निर्णय कार्यान्वयन चरणमा रहेको मुख्यमन्त्री आचर्यले जानकारी दिए । "संविधानले प्रदेशलाई प्रदान गरेका अधिकारहरू सँघीय सरकारमार्फत प्रत्यायोजित नभएको अवस्था छ । संविधानले दिएको अधिकारलाई 'फुलफेज'मा कार्यान्वयन गराउनका लागि हामी यसरी नै समन्वय र सहकार्य गरी अघि बढ्ने छौँ" उनले भने, "प्रदेशसँग जोडिएका साझा सडकको पूर्वाधारको समस्या समाधान गर्न ध्यानाकर्षण गराउने काम भइरहेको छ ।"

*-बाँकी अन्तिम पेजमा...*

## सक्षिप्त समाचार

### हेलिकप्टर दुर्घटनामा ५ को मृत्यु

(रासस/एएफपी)

**खापलु,** भदौ १६/पाकिस्तानको उत्तर क्षेत्रमा रहेको गिलगिट-बल्तिस्तानको दिआमेर जिल्लामा सोमबार बिहान एक सरकारी हेलिकप्टर दुर्घटना हुँदा त्यसमा सवार सबै पाँच जनाको मृत्यु भएको छ । दिआमेरका वरिष्ठ प्रहरी अधिकारी अब्दुल हमिदका अनुसार, उक्त हेलिकप्टर एक पहाडी पर्यटकीय क्षेत्रमा नयाँ प्रस्तावित हेलिप्याडमा परीक्षण अवतरण गरिरहेका बेला दुर्घटनाग्रस्त भएको हो । मृतकमध्ये दुई जना पाइलट र तीन जना प्राविधिक कर्मचारी रहेका छन् । दुर्घटना स्थानीय समयअनुसार बिहान करिब १० बजे भएको जनाइएको छ । यो हेलिकप्टर गिलगिट-बल्तिस्तान सरकारको स्वामित्वमा रहेको थियो । यस घटनाले केही साता अघिको अर्को दुर्घटनालाई पुन: स्मरण गराएको छ, जसमा खैबर पख्तुनख्वा प्रान्तमा बाढी राहत कार्यमा खटिएको एक एमआई-१७ हेलिकप्टर दुर्घटना हुँदा पाँच जना चालक दलका सदस्यको ज्यान गएको थियो । पछिल्ला वर्षहरूमा पाकिस्तानमा हेलिकप्टर दुर्घटनाका धेरै घटना भएका छन्। सन् २०२२ मा बाढी राहत कार्यकै क्रममा बलुचिस्तानमा भएको अर्को दुर्घटनामा पाँच जना सैनिक र एकजना उच्च सैनिक अधिकारीको मृत्यु भएको थियो ।

**गर्मीयाममा लाग्न सक्ने रोगबाट बचौं र बचाऔं ।**

-पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
-मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
-सडेगलेको र बासी खानेकुरा नखाऔं,
-खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
-धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
-घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
-घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
-व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# हिंसा विरुद्धको न्यायका लागि 'सिफारिस प्रणाली कार्यविधि २०८२'

**पाल्पा,** भदौं १६/महिला बालबालिका माथि हुने हिंसा विरुद्ध न्याय सम्बोधनका लागि रामपुर नगरपालिकाले 'सिफारिस प्रणाली कार्यविधि-२०८२' सार्वजनिक गरेको छ । घरेलु हिंसा प्रभावित महिला तथा बालबालिकालाई छिटो, छरितो र प्रभावकारी सेवा उपलब्ध गराउन महिला कानुन र विकास मञ्चको सहयोग र सारथी नेपाल पाल्पाको समन्वयमा तयार गरिएको कार्यविधि सार्वजनिक गरिएको हो ।

सो कार्यविधिको राष्ट्रिय सभा सदस्य राजेन्द्र लक्ष्मी गैरेले सार्वजनिक गरेकी हुन् । कार्यविधि सार्वजनिक गर्दै उनले विभिन्न कानुन निर्माणमा ढिलाई हुँदा जनताले अनुभूती गर्ने गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई पूर्ण संस्थागत गर्न नसकेको बताइन् । कार्यविधिले हिंसामा परेका नागरिकलाई




सेवा दिन सहजता प्रदान गर्ने उनको भनाई छ । स्थानीय सरकारको एकल अधिकार अन्तर्गत कार्यविधि तयार भएको र सकेसम्म हिंसा हुन नदिने र भइहालेमा न्याय सुनिश्चित गर्ने बताइन् । गैरेले महिला अधिकारको क्षेत्रमा पनि केही कानुनी व्यवस्था गर्नुपर्छ भन्ने उद्देश्यले लागि परेको बताइन् । उनले रामपुर नगरपालिकासँगै रम्भा गाउँपालिकामा पनि कार्यविधि सार्वजनिक गर्ने कार्यक्रम रहेको उल्लेख गरिन् ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## इम्बोस्ड नम्बर प्लेटको चर्चा

पछिल्लो केही दिन उता सरकारले यातायात प्रणालीलाई डिजिटल बनाउन भन्दै सुरू गरेको इम्बोस्ड नम्बर प्लेट योजनाको चर्चा निकै चुलिँदै गएको छ । सरकारले पूर्वतयारी र पूर्वाधारविनै आगामी असोज १ गतेदेखि नै अनिवार्य गर्ने भनेपछि इम्बोस्ड नम्बर प्लेटको चर्चासँगै विरोध भइरहेको छ । सम्झौता, अदालतको आदेश, महामारी र जनविरोध पार गर्दै अघि बढेको सरकारको यो योजनाले अहिले फेरि चौतर्फी विरोधको सामना गरिरहेको छ । अहिले सरकारले केही पछि हटेर इम्बोस्ड जडान तत्काल नगरे पनि कारवाही नगर्ने भन्दै आफ्नो अनुकूलमा जडान गर्न अपिल गरेको छ । तर सरकारले १० वर्षदेखि इम्बोस्ड जडान गर्न भन्दै आए पनि पूर्वाधार तयार गर्न भने सकेको छैन । यसअघि सबै सवारी साधनमा इम्बोस्ड अनिवार्य गर्ने भनिएको थियो ।

नागरिकले लगातार दबाब दिएपछि असोज १ देखि अनिवार्य गर्ने निर्णयबाट सरकारपछि हटेको हो । इम्बोस्डमा नागरिकका चासो सम्बोधन भने सरकारले अझै गरेको छैन । इम्बोस्डको ठेक्का सम्झौतामै समस्या छ । अख्तियारमा उजुरी छ । सम्झौतामा समस्या देखिएपछि यसको निराकरण कानुन बमोजिम हुनुपर्छ । अदालतमा मुद्दा पनि पर्‍यो तर अदालतले बीचको बाटो अपनायो । सम्झौता भइसकेको र कार्यान्वयनमा पनि गइसकेको तर्क गर्‍यो । यसमा भ्रष्टाचार भएको छ की छैन अख्तियारमा तामेलीमा रहेको फाइल कुनै दिन खुल्यो र अनुसन्धान भयो भने बाहिर आउला । तर, यहाँ यसको तयारी र संरचना यति कमजोर देखिन्छ कि सरकारको उत्साहभन्दा बढी जनताको चिन्ता र असन्तोष बढेको छ । आजको युग प्रविधिबिना अकल्पनीय भइसकेको छ । प्रविधिको आलोचना गर्नेहरूलाई पनि प्रविधिकै सहारा लिनुपर्ने यथार्थ छ । सरकारको दाबी अनुसार इम्बोस्ड नम्बर प्लेटले देशी–विदेशी सबैका लागि नम्बर पठनीय र बुझ्न सजिलो बनाउने, सवारीसाधनको चोरी रोक्ने, ब्लुबुक नम्बर, इन्जिन नम्बर, चेसिस नम्बर, मालिकको विवरण जस्ता सबै जानकारी एकै ठाउँमा सुरक्षित राख्ने सुविधा दिनेछ । तर सरकारको अपारदर्शी निर्णय र जबरजस्ती लागू गर्न खोज्दा यो बदनाम जस्तै भएको छ । अझ गोपनियता भंग हुन्छ, डेटा बाहिर जान्छ र दुरूपयोग हुन्छ भन्ने शंका समेत छ । अहिलेको अवस्थामा प्रविधिको प्रयोगको आवश्यकतालाई नकार्न सकिदैन । तर, कुनै पनि प्रविधि केवल ल्याउनुमात्र ठूलो कुरा हैन, त्यसलाई राष्ट्रिय हितअनुकूल, पारदर्शी र आर्थिक रूपमा दिगो बनाउन आवश्यक छ ।

### Opinion @ Social Network

हातको रेखामा के विश्वास गर्नु
भाग्य त तेस्को पनि हुन्छ जसको हातै हुदैन ।
*(दिपक सारुको फेसबुक स्टाटसबाट www.facebook.com/Dipak.Saru)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# खडेरी र हिमाली बाढीको संकटमा नेपालको जलवायु जीवनरेखा



**संग्राम बी शाह**

> *नीतिमा अगाडि कार्यान्वयनमा पछाडि नेपालले बनाएको यो तेस्रो एनडीसी हो । नेपालको एउटा समस्या के छ भने नीति बनाउने तर त्यसको कार्यान्वयन निकै फितलो हुने गरेको छ । कतिपय अन्तर्राष्ट्रिय प्रतिबद्धताका कारणले नीतिगत रूपमा तीव्र तयारी गर्ने तर त्यसको प्रतिफल खासै नआउने रहेको छ। अझ वातावरणको क्षेत्रमा रहेका यस्ता नीतिलाई कतिपयले बोझका रूपमा पनि लिने गरेका छन् । तर यसमा त्यो गल्ती किन पनि दोहोर्‍याउन हुँदैन भनेर हामीले पछिल्लो समय देखेका घटनाहरूले पनि देखाएका छन् । यसको प्रभावकारी कार्यान्वयनका लागि अब नेपालले ७५३ वटै स्थानीय तहहरूमा स्थानीय अनुकूलन योजना बनाउने जुन प्रतिबद्धता गरिएको छ त्यो सबै तहमा बन्नुपर्छ । जुन अहिलेसम्म धेरै तहले बनाएका छैनन् । यसरी बनेको योजना कार्यान्वयन गर्न पूँजीको अभाव हुन नदिने दायित्व संघ सरकारको हो । संघ सरकारले पूँजी मात्र होइन प्रविधि र जनशक्तिलाई दक्ष बनाउन पनि विशेष योगदान दिनैपर्छ । नभए यसको प्रभावकारी कार्यान्वयन हुनसक्दैन । कुनै पनि समस्या कस्तो छ भन्ने कुरा स्थानीय हुन्छ । जस्तो मधेशमा पानीको स्रोतको छ । कतै अनियन्त्रित दोहन भइरहेछ कतै संकट छ । यस्तोमा पानीको सही सदुपयोग कसरी गर्न सकिन्छ भनेर स्थानीय आधारमा बनेका नीतिको कार्यान्वयन पनि सोही अनुसार हुनुपर्छ । यसरी बनेका योजनामा बजेटको व्यवस्था भएपछि कार्यान्वयन कसरी भइरहेको छ भनेर नियमित मनिटरिङ प्रणाली हुन आवश्यक छ । स्थानीय तहदेखि नै जलस्रोतको व्यवस्थापन, सदुपयोग र संरक्षणलाई अभियानका रूपमा अघि बढाउनुपर्छ ।*

हाम्रो खेती प्रणाली प्राय: मनसुनकै वर्षामा निर्भर छ । असारभरि वर्षा नभएपछि खेत बाँझै हुने चिन्ता अब नौलो रहेन । किनभने यसपटक पनि त्यस्तै भयो । समग्र मुलुकलाई खडेरीले सतायो। सरकारले मधेश प्रदेशलाई खडेरी संकटग्रस्त क्षेत्र नै घोषणा गर्नुपर्ने अवस्था आयो । ढिलो वर्षा हुँदा रोपाइ पनि ढिलै भयो । यो वर्ष असारमा खडेरीसँगै इनार र ट्युबेलहरू सुक्दा मधेशका जनता प्रभावित भए । अर्कोतिर कुनै ठाउँमा अकस्मात् हुने वर्षा तथा हिमाली क्षेत्रका हिमताल वा नदीका घटनाले पहाडमा कोकोहोलो मच्चिने गरेको छ । हालै मात्र रसुवामा चीनसँगको व्यापारिक मार्ग नै ठप्प हुने गरी बाढी आयो । पानी नपरेर खडेरी हुनु र अधिक पानी परेर बाढी आउनु आफैंमा विपरीत कुरा हुन् । तर, पछिल्लो समय निरन्तर यही चल्दै आएको छ । यो संकटले के देखाइरहेको छ भने नेपाल जलवायुजन्य संकटको चपेटामा पर्दैछ । यही संकटसँग जुध्न र मुलुकलाई सहनशील बनाउनका लागि भन्दै बृहत् रणनीति नै बनाइएको छ । एनडीसी–३ (नेशनली डिटरमाइन कन्ट्रिब्युसन) मार्फत सरकारले आगामी केही दशकसम्म समग्र उत्पादन प्रणाली र जीवनशैलीलाई कसरी क्लाइमेट रेजिलेन्ट बनाउने भनेर मार्गचित्र कोरिएको छ । पेरिस सम्झौता अन्तर्गत नेपालले संयुक्त राष्ट्रसंघको जलवायु परिवर्तन महासन्धिमा पेश गरेको तेस्रो राष्ट्रिय निर्धारकका रूपमा निर्धारण गरिएको जलवायु योजना हो । यसले सन् २०३५ सम्मको समयावधिका लागि ग्रीनहाउस ग्यास उत्सर्जन घटाउने, जलवायु अनुकूलन र वित्तीय स्रोत परिचालन गर्ने खाका तयार पारेको छ । एनडीसी पेरिस सम्झौता कार्यान्वयनको राष्ट्रिय केन्द्रविन्दु हो ।

प्रत्येक राष्ट्रले जलवायु परिवर्तन विरुद्ध लिने प्रतिबद्धता, उत्सर्जन घटाउने योजना, वित्तीय स्रोत परिचालन र लचिलो प्रणाली निर्माणका कार्यक्रमहरू यसमा उल्लेख गर्छ । यो केवल लक्ष्य मात्र होइन, राष्ट्रिय उत्तरदायित्व र अन्तर्राष्ट्रिय विश्वासको आधार पनि हो । नेपाल जस्तो कम उत्सर्जन गर्ने तर जलवायु संकटबाट अत्यधिक प्रभावित राष्ट्रका लागि यो केवल कागजको दस्तावेज होइन- यो राष्ट्रिय सुरक्षाको खाका हो । जब मधेशमा खडेरीले किसानको जीवन अस्तव्यस्त पार्छ, वा रसुवामा हिमताल फुटेर व्यापारिक मार्ग बगाउँछ, त्यस्तो बेलामा यसले यी समस्या समाधान गर्न स्थानीय तहदेखि केन्द्रसम्म कसरी काम गर्न सकिन्छ भन्ने स्पष्ट नीति प्रदान गर्छ । नीतिमा अगाडि कार्यान्वयनमा पछाडि नेपालले बनाएको यो तेस्रो एनडीसी हो । नेपालको एउटा समस्या के छ भने नीति बनाउने तर त्यसको कार्यान्वयन निकै फितलो हुने गरेको छ । कतिपय अन्तर्राष्ट्रिय प्रतिबद्धताका कारणले नीतिगत रूपमा तीव्र तयारी गर्ने तर त्यसको प्रतिफल खासै नआउने रहेको छ। अझ वातावरणको क्षेत्रमा रहेका यस्ता नीतिलाई कतिपयले बोझका रूपमा पनि लिने गरेका छन् । तर यसमा त्यो गल्ती किन पनि दोहोर्‍याउन हुँदैन भनेर हामीले पछिल्लो समय देखेका घटनाहरूले पनि देखाएका छन् । यसको प्रभावकारी कार्यान्वयनका लागि अब नेपालले ७५३ वटै स्थानीय तहहरूमा स्थानीय अनुकूलन योजना बनाउने जुन प्रतिबद्धता गरिएको छ त्यो सबै तहमा बन्नुपर्छ । जुन अहिलेसम्म धेरै तहले बनाएका छैनन् । यसरी बनेको योजना कार्यान्वयन गर्न पूँजीको अभाव हुन नदिने दायित्व संघ सरकारको हो । संघ सरकारले पूँजी मात्र होइन प्रविधि र जनशक्तिलाई दक्ष बनाउन पनि विशेष योगदान दिनैपर्छ । नभए यसको प्रभावकारी कार्यान्वयन हुनसक्दैन । कुनै पनि समस्या कस्तो छ भन्ने कुरा स्थानीय हुन्छ । जस्तो मधेशमा पानीको स्रोतको छ । कतै अनियन्त्रित दोहन भइरहेछ कतै संकट छ । यस्तोमा पानीको सही सदुपयोग कसरी गर्न सकिन्छ भनेर स्थानीय आधारमा बनेका नीतिको कार्यान्वयन पनि सोही अनुसार हुनुपर्छ । यसरी बनेका योजनामा बजेटको व्यवस्था भएपछि कार्यान्वयन कसरी भइरहेको छ भनेर नियमित मनिटरिङ प्रणाली हुन आवश्यक छ । स्थानीय तहदेखि नै जलस्रोतको व्यवस्थापन, सदुपयोग र संरक्षणलाई अभियानका रूपमा अघि बढाउनुपर्छ । यसका लागि नीतिगत व्यवस्था पर्याप्त छन् तर त्यसको कार्यान्वयनमा ध्यान दिनैपर्ने अवस्था आएको छ । यी सबैका लागि फेरि पनि पूँजीको आवश्यकता त पर्छ नै । त्यसका लागि सरकारको नियमित आम्दानीबाट यो सबै दायित्व पूरा गर्न सम्भव छैन । सरकार आफैंले पनि नयाँ उपकरण र अवसरको खोजी गर्नुपर्छ । जस्तो हरित बण्ड जारी गर्ने कुरा भएको छ । जलवायु बीमा, कार्वन व्यापार प्रणालीको विकास आफैंमा नयाँ अवसर हुन् । यति मात्र होइन, सबै काम सरकार आफैंले गर्ने भन्ने कुरा पनि होइन । अर्थतन्त्रको अभिन्न अंग निजी क्षेत्रलाई पनि जोड्नुपर्छ । यो क्षेत्रमा हुने नयाँ अवसरमा निजी क्षेत्रलाई जोड्न सकिन्छ । जहाँ संकट छ त्यहाँ निजी क्षेत्रका लागि लगानीको अवसर पनि हुन्छ । उनीहरूले विकास गर्ने हाइड्रो पावरदेखि सौर्य ऊर्जा परियोजना पनि बृहत् योजना भित्रकै अंग हुन् । त्यस्तै देशमा हुने प्रत्येक लगानीलाई भविष्यको संकटको अनुमान गरेर तयारीका साथ हुनुपर्छ । रसुवाको हिमताल फुट्नु, चीनको तिब्बती क्षेत्रमा पानी थुनिनु र त्यसपछि खोलिनुका कारण आएको हो । यसले देखाउँछ कि नेपालको जलवायु संकट केवल आन्तरिक विषय होइन, छिमेकीहरूसँगको सीमापार समन्वय अपरिहार्य छ । एनडीसीले यस्तो सहकार्यका लागि कूटनीतिक मञ्च र दायित्व स्पष्ट पारिसकेको छ । अहिले जलवायु वित्त अधिकांश काठमाडौंमै केन्द्रित छ । तर खडेरी झेलिरहेका मधेशका किसान वा रसुवाका पहाडी बासिन्दालाई प्रत्यक्ष राहत पुगोस् भन्नका लागि स्थानीय कार्यान्वयन योजना, ब्लक ग्रान्ट र भौगोलिक आवश्यकता अनुसारको बजेट बनाउने खाका एनडीसीमै छ । यसले प्रत्येक गाउँपालिका र नगरपालिकामा अनुकूलनको योजना ल्याउन सम्भव बनाउँछ । यो दस्तावेजमा धेरै कुरा उल्लेख गरिएको छ । यी सबै कामका लागि कति लागत चाहिन्छ मात्र होइन त्यसको व्यवस्था कसरी गर्न सकिन्छ भनेर पनि उल्लेख गरिएको छ । तर पनि हाम्रो विडम्बना त्यसको कार्यान्वयन भने स्पष्ट रूपमा हुने गरेको छैन । मधेशमा खडेरीको समस्या जतिबेला पनि पर्नसक्छ भन्ने कुरा विगतदेखि नै थाहा थियो । त्यसका लागि सम्भव हुने ठाउँमा सिंचाइ परियोजना निर्माण, नहुने ठाउँमा वैकल्पिक उपकरणको जडान जस्ता कुरामा कहिल्यै ध्यान गएन । तर यो एनडीसी अब अन्तर्राष्ट्रिय दायित्व र प्रतिबद्धताको कुरा मात्र रहेन । किसानकै घर-आँगनमा आएको संकटसँग जुध्नका लागि पनि यो एउटा भरपर्दो खाका बनेको छ । खालि स्रोत भएन भनेर बस्ने मात्र होइन स्रोतको खोजी गर्न तत्परता देखाउनुपर्छ । यस्तै, भएकै स्रोतबाट गर्न सकिने थुप्रै काम छन् जसमा ध्यान दिनुपर्दछ ।

*-अनलाइन खबर डटकम*

### महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०७९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल १९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पिटल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ मिटिंगको लागि समय उत्तम नहोला। सामानको जिम्मेवारी स्वयं राखौ। | **तुला** : घर परिवारबाट सहयोग मिल्नेछ। आर्थिक लाभका योग छन्। |
| **वृष** : जीवनसाथीबाट उपहार मिल्ने योग छ। यापारमा लाभ हुनेछ। | **वृश्चिक** : सामाजिक जीवनमा मानसम्मान बढ्नेछ। आयस्रोत बढ्नेछ। |
| **मिथुन** : स्वास्थ्यलाई लिएर सचेत र हनुहोला। पेटसम्बन्धी समस्याले सताउनेछ। | **धनु** : कार्यक्षेत्रमा कार्यको अतिरिक्तताले शरीरमा कमजोरीको अनुभूति हुनेछ। |
| **कर्कट** : सन्तान पक्षबाट शुभ सूचना मिल्नेछ। प्रेम जताउने समय रहेको छ। | **मकर** : आकस्मिक लाभका योग छन्। परिवारमा आत्मीयता बढ्नेछ। |
| **सिंह** : कार्यक्षेत्रमा हत्तारमा कुनै निर्णय नलिनुहोला। जमिनबाट लाभ मिल्नेछ। | **कुम्भ** : प्रशासनिक र राजकीय मामलाहरूमा पक्ष मजबुत हुनेछ। |
| **कन्या** : दिनचर्यामा बदलाव हुनेछ। साहस र उत्साहमा वृद्धि हुनेछ। | **मीन** : प्रभावशाली व्यक्तिहरूसँग सम्पर्क बढ्नेछ।मामलाहरूमा पक्ष सबल हुनेछ। |

## विज्ञान/सूचना प्रविधि

# एआईका कामको 'कपिराइट' कसले पाउने ?



अहिले इन्टरनेटमा 'जेनेरेटिभ एआई' बग्रेल्ती भेटिन्छन् । जसमार्फत तस्बिर, अक्षर तथा विभिन्न प्रकारका सामाग्रीको सिर्जना गरिन्छ । यस प्रकारका जेनेरेटिभ एआईले प्रतिलिपि अधिकार (कपिराइट)को मामिलामा भने दुई खाले उल्झन देखा पर्दैछ । पहिलो उल्झनबारे व्यापक बहस भइरहेको छ । यो एआई मोडेललाई तालिम दिनका लागि गर्नुपरेको कामको क्षतिपूर्ति कसले दिने भन्ने प्रश्नसँग सम्बन्धित छ । अर्को चाहिँ एआईले सम्पन्न गर्ने काम तथा उत्पादन गर्ने रचनासँग जोडिएको छ । यसबारे मानिसको त्यति ध्यान पुगिसकेको छैन । प्रतिलिपि अधिकार सामान्यत: लेखकलाई दिने गरिन्छ । अब लेखक नै मानिस नभएको अवस्थामा के हुन्छ भन्ने प्रश्न उठेको छ । अमेरिकाले अहिलेसम्म आफ्नो लक्ष्मण रेखा तय गरिसकेको छ । सन् २०२३मा 'यूएस कपिराइट अफिस' ले सचित्र (ग्राफिक) उपन्यास 'जार्या अफ द डन'लाई प्रतिलिपि अधिकार संरक्षण प्रदान गऱ्यो । तर कुनै प्रकारले एआई मार्फत उत्पादित चित्रहरूलाई भने संरक्षण गर्न मानेन । केवल मानिसद्वारा लेखिएका शब्द तथा वाक्यहरू साथै त्यसको रचनात्मक व्यवस्थापनलाई मात्रै प्रतिलिपि अधिकारको दायरामा राख्यो । यसलाई अझ प्रस्ट पार्दै, गत मार्च महिनामा 'अ रिसेन्ट इन्ट्रान्स तो प्याराडाइज' नामको एआई-सिर्जित कृतिलाई प्रतिलिपि अधिकार दिन अस्वीकार गऱ्यो । अदालतको फैसलामा आधारभूत रूपमा मान्छेले सिर्जना गरेको कृतिलाई मात्रै प्रतिलिपि अधिकार संरक्षण दिन सकिने उल्लेख छ । फैसलाको सन्देश भने द्विअर्थी छ । किनभने जतिसुकै उच्च कोटिको भनिएता पनि एआईलाई दिने 'प्रम्प्ट' मान्छेको अभावमा स्वत: लेखन कार्य सम्पन्न गर्न सक्दैनन् । चीनले भने ठिक विपरीत तरिका अपनाएको छ । सन् २०२३मा बेइजिङ इन्टरनेट अदालतले एआई सिर्जित सामाग्रीलाई प्रतिलिपि अधिकार संरक्षण प्रदान गर्न सकिने आदेश गऱ्यो । प्रम्प्ट छनोट तथा उत्पादित सामाग्रीमा सुधारका लागि मानवीय सिर्जनशीलताको खाँचो हुने जिकिर गर्दै अदालतले प्रयोगकर्ताको बौद्धिक लगानीलाई मान्यता दियो । उता बेलायत र आयरल्यान्डले भने मध्यमार्ग रोजेका छन् । दुबै मुलुकका सम्बन्धित संस्थाले 'कम्प्युटर-सिर्जित सामाग्री'मा प्रतिलिपि अधिकार संरक्षण प्रदान गरेका छन् । तर यस्तो संरक्षणको आधार भने भरपर्दो छैन । गत वर्ष बेलायत सरकारले यस्तो संरक्षण हटाउनेबारे छलफल गरेको थियो । आयरल्यान्डको एआई सल्लाहकार परिषद्ले पनि त्यहाँको सरकारलाई यस्तै सुझाव दिएको छ । वैश्विक रूपमा कानुनी प्रबन्धमा देखिएको भिन्नताले व्यापारमा भने समस्या सिर्जना गर्न सक्छ । एआईबाट उत्पादित एउटै सामाग्री बेइजिङमा कानुनी रूपमा संरक्षित हुँदै गर्दा बोष्टनमा भने सार्वजनिक वस्तुको रूपमा रहन सक्छ । यसको अर्थ अमेरिकामा एआईबाट बनाइएको कुनै प्रचार गीत वा विज्ञापन सबैले प्रयोग गर्न मिल्ने हुन्छ । यो विषयले आफ्ना काममा एआईको प्रयोग गर्ने लेखक, ग्राफिक सामाग्रीका सर्जक वा संगीतकारलाई मात्रै प्रभाव पार्दैन । यदि तपाई सफ्टवेयर बनाउने काम गर्नुहुन्छ भने तपाईँलाई पनि उत्तिकै प्रभाव पार्न सक्छ । अमेरिका वा समान कानुनी प्रबन्ध भएका मुलुकमा एआईले सिर्जना गरेको 'कोड'बाट बनाइएका सफ्टवेयर उत्पादनमा प्रतिलिपि अधिकार प्रदान गर्न गाह्रो हुनसक्छ । केवल एक हरफ 'कोड' मात्रै एआईले सिर्जना गरेको हकमा पनि अन्योल सिर्जना हुन सक्छ । यसले कम्पनीको वास्तवमा स्वामित्वको स्वरूपमा निर्भर हुने व्यापारिक सम्झौताहरूलाई पनि असर पार्न सक्छ । आफ्ना कामदार तथा अन्यसँग हुने सम्झौतामा पनि यही समस्यामा हुन सक्छ । सम्झौताका धेरैजसो दस्तावेजहरूमा कर्मचारी वा सम्झौतामा आधारमा काम गर्ने पक्ष वा भनौं ठेकेदारले उपलब्ध गराउने कुनै पनि सामाग्रीको प्रतिलिपि अधिकार सम्बन्धित मुख्य कम्पनीसँग हुने प्रावधान हुन्छ । तर एआईको हकमा भने अस्तित्वमै नभएको सामग्रीलाई कसरी प्रतिलिपि अधिकार दिने भन्ने प्रश्न आइपुग्छ । अबका दिनमा कामदार तथा ठेकेदारहरूले एआई लगायतका नयाँ प्रविधि प्रयोग नगरुन् भन्ने आशा राख्नु अव्यवहारिक हुन्छ । सहजै कम्प्युटर टाइप गर्न सकिने सामाग्रीलाई हस्तलिखित सामाग्री स्वरूपमा बुझाउन लगाए जस्तै हास्यास्पद र अव्यवहारिक हुन्छ । यस क्षेत्रका अधिवक्ताहरूले वैकल्पिक समाधान खोज्नुपर्ने भएको छ । यदि एआई-सिर्जित कोडलाई प्रतिलिपि अधिकारको संरक्षण प्राप्त भएन भने समस्या सिर्जना हुन्छ । उदाहरणका लागि, अब हुने नयाँ सम्झौता जोगाउनका लागि त्यसलाई व्यापार गोप्य रहस्य जसरी नै लुकाएर राख्नुपर्ने हुन जान्छ । म आफै पनि संलग्न रहेको आयरल्यान्डको एआई सल्लाहकार परिषद्ले केही कदम अघि बढेर, सरकारलाई निश्चित प्रकारका एआई सिर्जित सामाग्रीमा सीमित स्वरूपको प्रतिलिपि अधिकार संरक्षण प्रदान गर्न सुझाव दिएको छ । यद्यपि, सिर्जनात्मक क्षेत्रबाट यस्तो सुझावको विरोध भएको छ । एउटा देशमा मात्र यस्तो नीति लागू गर्न पनि गाह्रो छ । भिक्टोरियाली युगमा सुरु भएका प्रतिलिपि अधिकारका नियम कानुनहरू आज काम नलाग्ने हुँदैन । आजका दिनमा मेसिनले व्यापक मात्रामा रचना गर्न सक्छ, कोडिङ गर्न सक्छ तथा सिर्जना गर्न सक्छ । 'द न्युयोर्क टाइम्स तथा 'गेट्टी इमेज' जस्ता संस्थाले आफ्ना सामग्रीहरूको दुरुपयोग भएको भन्दै एआई कम्पनीहरू विरुद्ध मुद्दामामिला दायर गरिरहेका छन् । आजको मितिसम्म एआई सिर्जित सामग्रीको स्वामित्व कसको हुने भन्नेबारे अदालतमा परीक्षण हुनै बाँकी छ । तर यस्तो अवस्था सधैँ विद्यमान हुँदैन । ढिलोचाडो परिवर्तन हुन सक्छ । एआईले लेखन र लेखकबारे नयाँ स्वरूप ल्याउँदैछ । यो सङ्क्रमणमा जोगिनका लागि सम्झौताहरू पुनर्लेखन गर्नुपर्ने हुन्छ । प्रतिलिपि अधिकार रणनीतिको पुनर्संरचना गर्नुपर्ने हुन्छ । साथै व्यापारिक गोपनीयता तथा विश्वसनीयताको आधारमा सिर्जनाहरूको संरक्षण गर्नुपर्ने हुन्छ । अस्तित्वमै नभएको प्रतिलिपि अधिकारको मात्रै भर परेर सुरक्षा नहुन सक्छ ।


*-रातोपाटी डटकम*

# जिमेल ह्याक भएको शङ्का छ ? यसरी जाँच गर्न सकिन्छ





ईमेल गोपनीयता दिनप्रतिदिन ठुलो चासोको विषय बन्दै गएको छ । ईमेलमार्फत विभिन्न साइटहरूमा पहुँच पाइन्छ, जसमा क्रेडिट कार्ड विवरण, व्यक्तिगत ठेगाना र फोन नम्बरजस्ता संवेदनशील जानकारीहरू सुरक्षित हुन्छन् । त्यसैले आफ्नो निजी खातामा केवल तपाईंको मात्र पहुँच रहोस् भन्ने सुनिश्चित गर्नु अत्यावश्यक छ । यदि तपाईँलाई आफ्नो जिमेल ह्याक भएको शङ्का छ भने, यसरी जाँच गर्न सकिन्छ जिमेलमा लग-इन गर्नुहोस् । पासवर्ड case.sensitive हुन्छ। उदाहरणका लागि æpassword PASSWORD फरक हुन्छ । आफ्नो अवतारमा क्लिक गर्नुहोस् । यो ब्राउजरको दायाँ माथिल्लो कुनामा हुन्छ । æMy Accountæ मा जानुहोस् । Sign.in & securityæ रोज्नुहोस् । Device activity & notificationsæ क्लिक गर्नुहोस्। यो बायाँपट्टिको साइडबारमा हुन्छ । Recent curity events अन्तर्गत æReview eventsæ dा क्लिक गर्नुहोस् । यहाँ पछिल्ला २८ दिनको कष्नल-ष्ल बअतष्खष्तथ हेर्न सकिन्छ। पछाडि फर्कनुहोस्। यसका लागि ब्राउजरको बायाँतर्फको दबअप बटनमा क्लिक गर्नुहोस् । Recently used devices अन्तर्गत Review devices मा जानुहोस् । यदि कुनै अपरिचित sign.in activity वा उपकरण देखिए, पेजको शीर्षमा रहेको Secure your account मा क्लिक गरेर पासवर्ड परिवर्तन गर्नुहोस्। आफ्नो जिमेल सुरक्षामा सधैँ सजग रहनुहोस्, किनकि एकपटक ह्याक भएपछि संवेदनशील जानकारी दुरुपयोग हुने जोखिम अत्यन्तै उच्च हुन्छ । *-रासस*

# सामाजिक सञ्जाल बन्द भए के हुन्छ ?




सरकारले भनेअनुसार सामाजिक सञ्जालका प्लेटफर्महरूले आउँदो बुधबारसम्म दर्ता नगरे बन्द हुनेछन् । हुनत यसअघि पनि सरकारले यसैगरी बन्द गर्ने चेतावनी दिएको थियो तर कार्यान्वयन भएको थिएन । यसपटक भने मन्त्रिपरिषद्बाटै निर्णय नै गरेर सोसल मिडिया प्लेटफर्महरुलाई दर्ता हुने समयसीमा सहितको ताकेता गरेको छ । सरकारको यो निर्णय अनुसार सामाजिक सञ्जाल दर्तामा आए सहजै होला । यदि बन्द भए के हुन्छ ? अहिले बहसको विषय बनेको छ । बन्द भए सामाजिक सम्बन्ध मात्र होइन यसमै आश्रित ठूलो समूहको व्यापार व्यवसायमा समेत असर पर्ने चिन्ता थपिएको छ । सञ्चार तथा सूचनाप्रविधि मन्त्रालयका अनुसार आगामी बुधबारसम्म नेपालभित्र सञ्चालनमा रहेका सबै सामाजिक सञ्जालले दर्ता गर्नुपर्नेछ । ती प्ल्याटफर्मले ७ दिनभित्र सम्पर्क बिन्दु, आवासीय गुनासो सुन्ने अधिकारी तथा स्वनियमन परिपालनाको निगरानी गर्ने अधिकारी समेत तोक्नुपर्नेछ । यदि अब कसैले नेपालमा सामाजिक सञ्जाल प्लाटफर्म सञ्चालन गर्न चाहन्छ भने सम्बन्धित कम्पनी/संस्थाले पनि 'सामाजिक सञ्जालको प्रयोग व्यवस्थित गर्ने निर्देशिका, २०८०' अनुसार सूचीकरण गर्नुपर्नेछ । सरकारले फेसबुक, मेसेन्जर, इन्स्टाग्राम, एक्स जस्ता सामाजिक सञ्जाललाई नेपालमा दर्ता हुनका लागि अल्टिमेटम दिएको हो । सूचनामा उल्लेख छ, 'तोकिएको समय सीमाभित्र सूचीकरण नगर्ने वा सूचीकरणको प्रयोजनका लागि सम्पर्कमा समेत नआउने सामाजिक सञ्जाल प्लाटफर्महरूलाई क्रमश: नेपालभित्र निष्क्रिय गराउने ।' सँगसँगै सूचीकरण गरेको दिनबाट सञ्चालन गर्नसक्ने बाटो देखाउँदै मन्त्रालयले भनेको छ, 'सूचीकरण गरेमा सोही क्षणदेखि पुन: सक्रिय गराउने गरी नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिइएको छ ।' सोमबार बसेको मन्त्रिपरिषद् बैठकले 'सामाजिक सञ्जाल प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका २०८०' र सर्वोच्च अदालतको आदेशअनुसार यस्तो निर्णय गरेको सूचनामा जनाइएको छ । अहिलेसम्म सरकारले पाँच पटक यस्तो सूचना जारी गरिसके पनि सम्बन्धित कम्पनीहरुले खासै चासो देखाएको पाइँदैन । 'चारपटक बेवास्ता गरेकोले पाँचपटक सार्वजनिक सूचना जारी गरेका हौं । तर, भित्री रूपमा अन्य पहल भइरहेका थिए' मन्त्रालयका एक अधिकारीले बन्द गरिहाल्ने विषय कुनै निश्चित भने नरहेको बताउँदै भने, 'अब बन्द नै हुन्छ वा हुन्न त जान्दिनँ । तर, यसपटक मन्त्रिपरिषद्को निर्णय र अदालतकै आदेश आएकाले यसै भन्न सकिन्नँ । यदि बन्द भएन भने पनि अब छैटौं पटकचाहिं सूचना निकाल्दैनौं । यो अन्तिम सूचना हो ।' ती अधिकारीकाअनुसार कसैले सूचीकरण प्रक्रिया सुरु गरेको जानकारी मात्र दिए पनि तत्काल बन्द गरिने छैन । तर, सम्पर्कमै नआएमा नेपाल दूरसञ्चार प्राधिकरण मार्फत प्लेटफर्महरू निष्क्रिय गरिने सम्भावना बलियो छ । हालसम्म टिकटक, भाइबर, निम्बुज, वीटक र ओपोलाइट गरी पाँच प्लेटफर्म सूचीकरण भइसकेका छन् । टेलिग्राम र ग्लोबल लिंक दर्ताको प्रक्रियामा छन् । केही समयअघि प्रतिबन्ध गरिएपछि अहिले टेलिग्रामले शर्त मान्न तयार भएको भन्दै कागजात पेश गरेको जानकारी पनि उनले दिए । तर, मेटा (फेसबुक, इन्स्टाग्राम, आदि), एक्स जस्ता ठूला प्ल्याटफर्महरूसँग पत्राचार र भर्चुअल बैठक भए पनि उनीहरूले औपचारिक प्रतिक्रिया नदिएको गुनासो मन्त्रालयको छ । मन्त्रालय स्रोतअनुसार यी प्ल्याटफर्मलाई सिंगापुर र भारतस्थित सम्पर्क कार्यालयमा पत्र पठाइएको र परराष्ट्र मन्त्रालयमार्फत कूटनीतिक पहल पनि गरिएको छ । ती अधिकारीकाअनुसार मेटाको हकमा त एकपटक उनीहरुले फोन सम्पर्क गरेरै सूचीकरण हुने बताए । मन्त्रालयका सचिवले भर्चुअल बैठक पनि गरे । तर, त्यसपछि सम्पर्कमा आएनन् । 'टिकटक बन्द गरेपछि सम्पर्कमा आयो । अहिले त नेपालमा पर्यटन बोर्ड, शिक्षा क्षेत्रलगायतमा सहयोग गर्ने भन्दै एमओई पनि गरिरहेको छ । त्यसैले हाम्रो प्रक्रिया उनीहरुलाई जोड्दा दुवै पक्षलाई सहज हुन्छ,' उनले भने । मन्त्रालयले जब अरू कुनै प्लाटफर्मसँग संवाद गर्छ, त्यसबेला यी उदाहरण पनि सुनाउने गरेको उनले बताए । उनका अनुसार यसको उद्देश्य सामाजिक सञ्जालको दुरुपयोग रोक्ने, जवाफदेही बनाउने र सामाजिक उत्तरदायित्व पूरा गराउन प्रेरित गर्ने नीति सरकारले लिएको हो । सामाजिक सञ्जाल बन्द गर्ने चर्चा चलिरहँदा यसले साइबर सुरक्षा जोखिम बढाउने बताउँछन्, साइबर सुरक्षा विज्ञ डा. राजीव सुब्बा । कारण, केही कुरा बन्द हुँदा विकल्प खोज्ने मानवीय स्वभाव नै हो । त्यसमा पनि भीपीएनको प्रयोग झन् बढेर जान्छ । त्यसैले हाम्रोजस्तो साइबर चेतनास्तर कम भएको मुलुकमा नागरिकले विकल्प खोज्दा साइबर सुरक्षाको जोखिम झन् बढ्नसक्ने उनले बताए । सुब्बाकाअनुसार टिकटक बन्द हुँदा धेरैले नि:शुल्क भन्दै विभिन्न खाले भीपीएन प्रयोग गरे, जुन नियमन नभएका र असुरक्षित हुन्छन् । 'नि:शुल्क भीपीएनहरूले प्रयोगकर्ताको स्क्रिनशट, कीबोर्ड डेटा, र पासवर्ड संकलन गर्न सक्छन्, जसले बैंकिङ ठगी र साइबर अपराधलाई बढावा दिन्छ,' उनले भने । यस्ता भीपीएनहरू 'नन-एट्रिब्युटेबल' हुने भएकाले अपराधीलाई कारबाही गर्न कठिन हुन्छ । उनले थपे, 'टिकटक बन्द हुँदा भीपीएनमार्फत धेरै साइबर अपराधका घटना भएका हाम्रै उदाहरण छन् । यद्यपि, धेरै बाहिर आएनन् । त्यसैले यसरी नागरिकले विकल्प खोज्दा झन् साइबर जोखिमको सिकार हुने सम्भावना हुन्छ । अपराधीले पनि यस्ता मौका कुरेर बसिरहेका हुन्छन् । यसतर्फ पनि राज्यले सोच्नुपर्छ ।' यसकारण पनि तत्काल सामाजिक सञ्जाल बन्द गर्नेभन्दा पनि सूचीकरण हुन आउने बनाउन अन्य विकल्प रोज्न सुब्बाले सुझाव दिए । उनकाअनुसार नेपालमा साइबर सुरक्षा चेतना कम छ । कुन भीपीएन वा एप सुरक्षित छ भन्ने जानकारी प्रयोगकर्तालाई छैन । 'लहलहैमा लाग्दा हामीले अहिले सोचिरहेको भन्दा ठूलो हानि पुऱ्याउँछ', उनले भने । अधिकांश नेपाली परिवारका युवा बाहिर छन् । तिनै आप्रवासीले देशको अर्थतन्त्र धानिरहेको अवस्था छ । र, उनीहरुको नेपाल वा घरसँगको सम्बन्धको लागि सबैभन्दा महत्वपूर्ण हिस्सा बनिसकेको छ सामाजिक सञ्जाल । यी कुरा एकाएक बन्द हुँदा त्यो क्षेत्रमा विशेष असर गर्नसक्ने बताउँछिन्, समाजशास्त्री डा. मीना पौडेल । वैदेशिक रोजगारीमा रहेका लाखौं नेपाली श्रमिक र उनीहरूका परिवारको सामाजिक-भावनात्मक सम्बन्धमा ठूलो असर पार्ने पौडेलले बताइन् । उनकाअनुसार सञ्जालले विदेशमा रहेका श्रमिकलाई परिवार, समाज र संस्कृतिसँग जोडिराखेको छ । यी प्लेटफर्म बन्द भएमा श्रमिक र परिवार बीचको भावनात्मक सम्बन्ध टुट्छ, जसले नैराश्यता, एक्लोपन र मनोवैज्ञानिक दबाब बढाउँछ । 'विदेशमा बेलुका खाना खाएर परिवारसँग कुराकानी गर्ने बानीले सम्बन्ध जीवन्त राख्छ । यो बन्द भएमा श्रीमान-श्रीमतीबीच दरार, बच्चाहरूमा मनोवैज्ञानिक असर र श्रमिकमा रक्सी वा अन्य विकृतिको जोखिम बढ्छ' उनले भनिन्, 'त्यसबाहेक नेपालभित्र पनि यस्ता कुरामा असर गर्छ । जानेर/नजानेर हाम्रो समाज यसमा निर्भर भइसकेको छ । ठूलो असर पर्नेवाला छ ।' मेरोअङ्गाका सीईओ आलोक सुवेदी सामाजिक सञ्जाल अहिलेको युगमा व्यवसाय र कम्युनिकेशनको प्रमुख आधार बनिसकेकोले नेपालको अनौपचारिक अर्थतन्त्र प्रभावित हुनसक्ने बताउँछन् । 'सामाजिक सञ्जाल हाम्रो मार्केटिङको सबैभन्दा ठूलो प्लाटफर्म बनिसकेको छ । यो बन्द भएमा व्यवसाय र बिक्रीमा ठूलो धक्का लाग्छ, जुन स्टार्टअपदेखि स्थापित व्यवसायसम्म सबैलाई राम्रो कुरा हैन,' उनले भने । यकिन तथ्याङ्क नरहे पनि ग्राहकदेखि बिक्रेतासम्म सामाजिक सञ्जालमा भर पर्न थालेका छन् । सामान किन्दा वा चाहिएको कुरा खोज्दा धेरैजसो सामाजिक सञ्जालमै भर पर्ने गरेका छन् । त्यसैले यो बन्दा हुँदा मार्केटिङ सबैभन्दा ठूलो च्यानल गुम्ने सुवेदीले बताए । उनकाअनुसार सामाजिक सञ्जाल विना यस्ता व्यवसायहरूको वृद्धि र बाँच्ने सम्भावना निकै कम हुन्छ । त्यस्तै, नयाँ स्टार्टअप गर्ने सोच बनाएका युवालाई पनि यसले निरुत्साहित गर्ने सुवेदीले बताए । पछिल्लो समय युवाहरुले कम लागतमा स्टार्टअप गर्ने सबैभन्दा ठूलो आधार सामाजिक सञ्जाल नै बनेको छ । यसबाट कन्टेन्ट मार्केटिङ गरेर व्यवसायमा हात हाल्न सहज भएको छ । नेपालमा सामाजिक सञ्जाल बन्द भएको अवस्थामा यो तप्कालाई पनि असर गर्ने सुवेदीको भनाइ छ । 'सरकारले भनेजस्तो नियमन आवश्यक छ । उनीहरु सूचीकृत हुन आउनुपर्छ भन्ने कुरा पनि सही छ । तर, त्यसको लागि एकाएक पूर्ण बन्द वा कडा प्रतिबन्धले हाम्रै अर्थतन्त्र र समाजमा ठूलो हानि पुऱ्याउँछ । त्यसैले सन्तुलित नीति अपनाउन जरुरी छ,' उनले भने । त्यस्तै, यदि फेसबुक, इन्स्टाग्राम जस्ता प्लेटफर्म बन्द भए नेपाली स्टार्टअप र अनौपचारिक अर्थतन्त्रमा ठूलो असर पर्ने बताउँछन्, व्यवसायी तथा इन्फ्लुएन्सर सञ्जोग कोइराला । त्यस्तै, व्यक्तिहरुको लागि अहिले सामाजिक सञ्जाल सञ्चारको ठूलो आधार बनेको छ । यो हुँदा अभिव्यक्ति स्वतन्त्रतासँगै सञ्चार पनि खुम्चिन्छ । कुनै पनि अनियमिततादेखि अरू कुरा विरुद्ध आवाज उठाउन पनि यसले सहयोग पुऱ्याएको छ । विभिन्न अभियानहरू यसबाटै सञ्चालन हुन्छन् । विदेशमा रहेका नेपालीको लागि पनि नेपालसँग जोडिन यो महत्वपूर्ण माध्यम बनेको छ । त्यसैले यो टुट्दा सामाजिक सम्बन्धहरुमा पनि असर पुऱ्याउने आचार्यले बताए ।

*-अनलाइन खबर डटकम*



**बजार पठाउने तयारीमा खुर्सानी**

पाल्पाको रिब्दीकोट गाउँपालिका-२ देउरालीका कृषकले उत्पादन गरेको अकबरे खुर्सानी बजार पठाउने तयारी गरिदैं । यहाँका किसानले उत्पादन गरेको खुर्सानी देवीस्थान बहुउद्देश्यीय सहकारी संस्थाले सङ्कलन गरी बजार पठाउने गर्दछ ।

*तस्वीर : रामचन्द्र रायमाझी/एनजेडी*

## लुम्बिनी र गण्डकी...

...बैठकमा नेपालको संविधानको धारा, २३२ र २३३ मा रहेको समन्वय र सहकार्यको मर्मलाई आधार बनाई दुवै प्रदेशले साझा हितका कार्यक्रम संयुक्तरुपमा अघि बढाउने सहमति समेत भएको छ । यसैगरी, दामोदरकुण्ड-कृष्णागण्डकी 'उत्तरवाहिनी'-लुम्बिनी मुक्तिमार्ग विकासका लागि अवधारणापत्र तयार गर्ने निर्णय गरेको छ । त्यस्तै, रुपान्तरणकारी कार्यक्रमहरूलाई अन्तरप्रदेश साझेदारीमा अघि बढाउने, कालीगण्डकी तटीय क्षेत्रको समुन्नतिको कार्ययोजना आगामी पुस मसान्तभित्र पेस गर्ने, कात्तिक महिनामा उत्तरवाहिनी क्षेत्रमा हुने कात्तिक महास्नान तथा दामोदर धर्मोत्सवलाई भव्य बनाउन दुवै प्रदेशले सहजीकरण गर्ने निर्णय बैठकले गरेको छ । बैठकले सिकाइ आदान-प्रदानका लागि प्रमुख सचिवस्तरीय संयन्त्र गठन गर्ने, कानुनी तथा नीतिगत एकरुपता कायम गर्दै जाने र दुबै प्रदेशका तीर्थ तथा पर्यटकीय स्थललाई जोड्ने पदमार्गको विस्तृत आयोजना प्रतिवेदन संयुक्तरुपमा तयार गर्ने निर्णय पनि गरेको छ ।

## हिंसा विरुद्धको न्यायका...

...रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापाले स्थानीय सरकारलाई संविधानले अधिकार दिए पनि स्पष्ट कार्यविधि नहुँदा आफ्नै अधिकारभित्रका कामहरु गर्न कठिनाइ हुने गरेको उल्लेख गर्दै, महिला तथा बालबालिका माथि हुने हिंसा विरुद्ध न्याय दिन यस कार्यविधि ऐतिहासिक भएको बताए । हालसम्म रामपुर नगरपालिकाले १७ वटा ऐन, ९ वटा नियमावली र ७८ वटा कार्यविधि तयार गरेको छ । कार्यविधि कार्यान्वयनमा नगरपालिका प्रतिवद्ध भएर लाग्ने उनको भनाई छ । इलाका प्रशासन कार्यालय रामपुरका प्रमुख उदयराज भट्टराईले पिडितलाई उपलब्ध हुने सेवाहरुलाई प्रभावकारी बनाउन कार्यविधि सहयोगी हुने बताए । इलाका प्रहरी कार्यालयका प्रमुख राम बहादुर नेपालीले कार्यविधिले न्यायको लागि सम्बन्धित निकायमा जानको लागि प्रेरित गर्ने उल्लेख गरे । उनले हिंसाका घटना स्थानीय रुपमा समाधान गर्न सकियो भने सहज हुने धारणा राखे । सारथी नेपाल पाल्पाकी अध्यक्ष विष्णु माया थापा मगरले अवसर प्रदान गरेकोमा नगरपालिकालाई धन्यवाद दिँदै यसले हिंसा पीडितलाई सहजीकरण गर्ने बताइन् । कार्यक्रममा महिला कानुन र विकास मञ्चका कार्यकारी निर्देशक अधिवक्ता सविन श्रेष्ठले कार्यविधिको बारेमा विस्तृत जानकारी दिए । उनले घरेलु हिंसा बढ्दो क्रममा रहेको भन्दै स्थानीय तहमार्फत छिटो न्याय सुनिश्चित गर्न यस प्रणालीले ठूलो योगदान गर्ने बताए । हिंसामा परेका महिला तथा बालबालिकालाई मनोसामाजिक सेवा, सुरक्षा, संरक्षण, स्वास्थ्य उपचार, कानुनी सहयोग, शिक्षा, पुन:स्थापना, परिवार मिलाप लगायतका सेवा उपलब्ध गराउनको लागि स्थानीय तहमार्फत प्रणाली निर्माण गरिएको छ । नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र घरेलु हिंसा सम्बन्धी कानुनअनुसार पनि स्थानीय सरकारको जिम्मेवारी भित्र पर्छ । त्यसैले हिंसापीडितलाई व्यक्तिगतरुपमा वा सेवाप्रदायकमार्फत छिटो सेवा दिन स्थानीय तहलाई सहयोग पुऱ्याउन यो निर्देशिका तयार गरिएको हो । नगर उपप्रमुख बालकुमारी थापाको स्वागत, महिला तथा बालबालिका शाखा प्रमुख पुजा परियारको सञ्चालनमा कार्यक्रम भएको थियो ।

खेलकुद समाचार

## लिभरपुल कीर्तिमानी रकम तिर्न सहमत



**काठमाडौं,** भदौ १६/न्युक्यासल युनाइटेडका स्वीडेनी स्ट्राइकर अलेक्ज्यान्डर इसाकलाई भित्र्याउन लिभरपुल प्रिमियर लिग इतिहासकै कीर्तिमानी रकम तिर्न सहमत भएको छ । इङ्गिलस प्रिमियर लिग च्याम्पियन लिभरपुलले २५ वर्षीय इसाकलाई अनुबन्ध गर्न १२५ मिलियन पाउन्डको कीर्तिमानी रकममा सहमति भएको जनाएको बीबीसीले जनाएको छ । यो सम्झौताले सन् २०२३ मा चेल्सीले मोइसेस काइसेडोका लागि ब्राइटनलाई दिएको १ सय १५ मिलियन पाउन्डको पुरानो कीर्तिमानलाई तोडेको हो । सोमवार चिकित्सकीय परीक्षणपछि लिभरपुल र इसाकबीच ६ वर्षका लागि सम्झौता हुने अपेक्षा छ । यसअघि न्युक्यासलले लिभरपुलले गरेको ११० मिलियन पाउन्डको प्रस्ताव अस्वीकार गरेको थियो । अलेक्ज्यान्डर इसाकले प्रिमियर लिगको पछिल्लो सिजनमा न्युक्यासलका लागि उत्कृष्ट प्रदर्शन गर्दै २३ गोल गरेका थिए ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

## नेप्से बढ्यो, कारोबार रकम घट्यो



**पाल्पा,** भदौ १६/अघिल्ला दुई कारोबार दिन करिब ७० अंकले घटेको सेयर बजारमा सोमबार १२ दशमलव ०३ अंकको सुधार भएको छ । अघिल्लो दिनको तुलनामा ० दशमलव ४३ प्रतिशतले बढेपछि समग्र नेप्से २ हजार ७ सय ६१ दशमलव ८६ विन्दुमा उक्लेको हो ।

सो दिन कारोबारमा आएकामध्ये १४३ कम्पनीको सेयर मूल्य बढ्दा १०६ वटाको घट्यो । दुई कम्पनीको सेयर मूल्य स्थिर रह्यो । यसरी सेयर मूल्य बढ्ने कम्पनीको तुलनामा घट्ने कम्पनी कम भएपछि समग्र नेप्सेमा दोहोरो अंकको बढेको हो । सो अवधिमा विभिन्न ३ सय २६ कम्पनीका एक करोड १४ लाख ४० हजार ८ सय ४४ कित्ता शेयर ६८ हजार ७ सय ७५ पटक खरिदबिक्री हुँदा पाँच अर्ब १० करोड ५७ लाख ४६ हजार ६ सय ५७ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । कारोबारमा व्यापार समूह शून्य दशमलव ८५ र अन्य समूह शून्य दशमलव ०३ प्रतिशतले घटेको छभने अरू सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै बैङ्किङ समूह एक दशमलव ५०, विकास बैङ्क शून्य दशमलव ५२, वित्त शून्य दशमलव १४, होटल तथा पर्यटन शून्य दशमलव ४३, जलविद्युत् शून्य दशमलव ०८ र लगानी समूह शून्य दशमलव १८ प्रतिशतले बढेको छ ।

त्यस्तै, उत्पादन तथा प्रशोधन शून्य दशमलव ३६, लघुवित्त शून्य दशमलव २७, म्युचुअल फन्ड शून्य दशमलव १६ र निर्जीवन बीमा समूह शून्य दशमलव ३० प्रतिशतले बढेको छ । हिम स्टार ऊर्जा कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै छ दशमलव ०७ प्रतिशतले घटेको छ । त्यस्तै, सबैभन्दा धेरै उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सात दशमलव ६८ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको रु २८ करोड आठ लाख २३ हजार १८४ बराबरको कारोबार भएको छ । त्यस्तै, कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै कुमारी बैङ्क लिमिटेडको नौ लाख एक हजार ५४७ कित्ता शेयर खरिदबिक्री भएको छ । अघिल्लो दिनको तुलनामा कारोबार रकम घटेको हो । आइतबार ६ अर्ब ६ करोड ११ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको थियो ।


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई